आज मिति २०८१ पौष १७ गते दिउँसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ७२ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का.वा.वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारीहरु :**

श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री सुरज विसी, कृषि अधिकृत
श्री कृष्ण प्रसाद शर्मा, अधिकृत छैटौं
श्री कुल बहादुर खड्का
श्री गणेश कार्की, सव-ईन्जिनियर
श्री शुशिला विसी, सहयोगी

| क.सं. | बैठकका एजेण्डाहरु |
| --- | --- |
| १ | नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धमा । |
| २ | नगरपालिकाको प्रतिक चिन्ह तथा नगरपालिका गान सम्बन्धमा । |
| ३ | विविध सम्बन्धमा । |

<u>मिति २०८१।०९।१७ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :</u>

**प्रस्ताव नं. १ : नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।**

**निर्णय नं. १** : यस भेरीगंगा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिबेदन २०७८ मा अहिलेको आवश्यकता र समयानुकुल बनाइ संशोधन गर्न र आगामी कार्यपालिका बैठकमा पेश गर्नका लागि तपसिल बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो ।

<u>तपसिल</u>

१. संयोजक श्री कृष्णप्रसाद पोखेल, प्रमुख प्रशासकीय अधिकृत

२. सदस्य श्री मानबहादुर ठाडा, लेखा अधिकृत

३. सदस्य श्री सुरज विसी, कृषि अधिकृत

४. सदस्य श्री सिता खत्री गिरी, अधिकृत

५. सदस्य श्री सिद्धान्त पाण्डेय, इन्जिनियर

६. सदस्य श्री पिताम्बर पौडेल, योजना अधिकृत

७. सदस्य श्री कुलबहादुर खड्का, प्रशासन शाखा

**प्रस्ताव नं. २ : नगरपालिकाको प्रतिक चिन्ह तथा नगरपालिका गान सम्बन्धमा ।**

**निर्णय नं. २** : यस भेरीगंगा नगरपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन गर्न तथा भेरीगंगा नगरपालिकाकको नगर गान रचना गरी संगीत भर्ने कार्यका लागि सार्बजनिक सुचना गर्ने र प्रतिष्प्रधाबाट उत्कृष्ठ भएको प्रतिक चिन्ह तथा भेरीगंगा नगर गान स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश गर्न तपसिलबमोजिमको छनौट तथा मूल्यांकन समिति गठन गर्ने र सोमा लाग्ने बजेट नगरपालिकाको बिबिध शीर्षक लगायत बिभिन्न बचत रकमबाट खर्च गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो ।

<u>तपसिल</u>

१. संयोजक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल

२. सदस्य नगर उपप्रमुख श्री धनसरा बोहरा

३. सदस्य श्री लालसिं बुढा वडा अध्यक्ष वडा नं. ६

४. सदस्य श्री प्रेमवहादुर सारु वडा अध्यक्ष वडा नं. ५

५. सदस्य श्री गणेशवहादुर भण्डारी वडा अध्यक्ष वडा नं. १३

६. सदस्य श्री रामवहादुर डांगी वडा अध्यक्ष वडा नं. १२

७. सदस्य सचिव श्री कृष्णप्रसाद पोखेल प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ३ : विविध सम्बन्धमा ।**

**निर्णय नं. ३ (क) :** यस भेरीगंगा नगरपालिकामा दैनिक ज्यालादारीमा कार्यरत ईन्जिनियर विजय खत्री र अस्थायी रुपमा कार्यरत असिस्टेन्ट सव ईन्जिनियर उज्वल रावत अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालतमा मुद्दा दायर भई निलम्बनमा रहेपश्चात नगरपालिकामा सेवा अवरुद्ध भएको, हाल निजहरुले विशेष अदालतबाट सफाई पाएको र निजहरुले कार्यालयमा सेवा सुचारुका लागि निवेदन समेत पेश गरेकोले निजहरुसंग सम्झौता गरी सेवा सुचारु गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो ।

**निर्णय नं. ३ (ख)** : भेरीगंगा नगरपालिकाको **पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण सम्बन्धि कार्यविधि २०८१** बमोजिम भेरीगंगा नगरपालिका क्षेत्र भित्रका पूर्व निर्मित भवन तथा संरचनाहरुको अभिलेखीकरण तथा नियमित गर्ने कार्य सन्चालन गर्ने प्रथम चरणका लागि २०८२ असार मसान्तसम्म समयावधि राखी निवेदन पेश गर्न सूचना प्रकाशन गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो ।

**निर्णय नं. ३ (ग)** : यस भेरीगंगा नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत सम्पूर्ण शिक्षकहरुलाई विज्ञ प्रशिक्षकबाट शारदा मावि छिन्चुमा ३ दिने उत्प्रेरणात्मक तालिम संचालन. गर्ने र शारदा मावि छिन्चुका अभिभावक तथा विद्यार्थीहरुलाई समेत सो तालिममा सहभागी गराउने साथै उक्त तालिमका लागि लाग्ने बजेट रु. ४,५०,०००। चार लाख पचास हजार नगरपालिकाको सेवा परामर्श शीर्षकबाट खर्च हुने गरी अर्किड मल्टि सर्भिस कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.लि. बुटवल ९, रुपन्देहीसंग सम्झौता गरी श्री कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल, रुपन्देहीका शिक्षक श्री हरिबहादुर वलीसंग सेवा परामर्श सेवा खरिद गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो ।

**निर्णय नं. ३ (घ)** : यस भेरीगंगा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता ऐन २०८१ निर्माण गर्ने नीतिगत निर्णय गरियो साथै उक्त ऐनको मस्यौदा गर्न खानेपानी, सरसफाइ तथा वातावरण शाखालाई जिम्मा दिने र उक्त ऐनको मस्यौदा आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो ।

**निर्णय नं. ३ (ङ)** : यस भेरीगंगा नगरपालिका क्षेत्र भित्र ब्यबसायिक सीप भएका तर ब्यबसायिक सीप परीक्षण नभएका मापदण्ड पुगेका इच्छुक नागरिकहरुलाई CTEVT बाट सीप परीक्षण गराउने साथै उक्त सीप परीक्षण कार्य गर्नका लागि कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, CTEVT र यस नगरपालिकाको साझेदारीमा परीक्षण कार्य सम्पन्न गर्ने साथै सोमा सहभागि हुनका लागि सार्बजनिक सुचना जारी गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो ।

**निर्णय नं. ३ (च)** : यस भेरीगंगा नगरपालिका वडा नं. १२ को रामजानकी सामुदायिक वन क्षेत्रमा रहेको रामजानकी हरितपार्क (छिन्चु पार्क) निर्माणका लागि यस अघि भेरीगंगा नगरपालिकाबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएकोमा हाल उक्त परियोजनाको नाम रामजानकी सहिद स्मृती पार्क रहने गरी र सहिद पार्कसँग सम्बन्धित संरचनाहरु थप गरी पूर्बाधार शाखाबाट तयार पारिएको संशोधित विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो ।

**निर्णय नं. ३ (छ)** : भेरीगंगा नगरपालिका वडा नं. ७ को निर्णय र सिफारिस अनुसार यस भेरीगंगा नगरपालिकाको वडा नं. ७ मा रहेको तपसिलबमोजिमको चारकिल्ला भित्रको सार्वजनिक जग्गाभित्र रहने गरी वडा नं. ७ को वडा कार्यालय भवन निर्माण गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो ।

<u>तपसिल</u>

पूर्वमा : बिने मिजारको जग्गा (९ज्ञ ८ कित्ता नं. १५९, नक्सा सिट नं..................)

पश्चिममा : काठेघारी खोला

उत्तरमा : नन्दे कामीको जग्गा (९ज्ञ ८ कित्ता नं........., नक्सा सिट नं..................)

दक्षिणमा : केशर खत्रीको जग्गा (९ज्ञ ८ कित्ता नं. २२१, नक्सा सिट नं..............)